# नेपाल बैंक लिमिटेडको मिति २०७६ पौष २५ गते शुक्रबारका दिन सम्पन्न भएको ६० औं वार्षिक साधारण सभाको विवरण तथा निर्णयहरु

नेपाल बैंक लिमिटेडको ६० औं वार्षिक साधारण सभा बैंकका सञ्चालक समितिका अध्यक्ष श्री वासुदेव अधिकारीज्यूको अध्यक्षतामा मिति २०७६ पौष २५ गते शुक्रबार तदनुसार १० जनवरी २०२० का दिन नेपाल ए.पि.एफ. क्लब, हलचोक, काठमाडौंमा दिनको ११:०० बजे शुरु भई दिउँसो २:३० बजेसम्म पूर्व निर्धारित विषय माथि छलफल गरी भएको निर्णय अभिलेख (माइन्युट) को संक्षिप्त विवरण निम्नानुसार प्रकाशित गरिएको छ ।

**१. सभाको सूचना जारी :**

कम्पनी ऐन, २०६३ र बैंकको नियमावली अनुसार सञ्चालक समितिको २०७६ मंसीर २९ गते आइतबार बसेको २७ औं बैठकले बैंकको ६० औं साधारण सभा मिति २०७६ पौष २५ गते शुक्रबार दिनको ११:०० बजे नेपाल ए.पि.एफ. क्लब, हलचोक, काठमाडौंमा बस्ने निर्णय भए अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को व्यवस्था बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि साधारण सभा सम्बन्धी सूचना तथा बैंकको संक्षिप्त आर्थिक विवरण मिति २०७६ पौष ३ गतेको गोरखापत्र दैनिकमा साथै, साधारण सभा सम्बन्धी सूचना गोरखापत्र दैनिक एवं कान्तिपुर दैनिक लगायत बैंकको वेभसाइटमा समेत प्रकाशित गरी सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराइएको ।

**२. छलफलका विषयहरु :**

**क. सामान्य प्रस्तावहरु :**

१. आ.व. २०७५/७६ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७५/७६ को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिबाट प्रस्तावित हालको चुक्ता पूँजीको १० प्रतिशतका दरले हुन आउने रु.९८,११,१४,८००/- (अक्षेरुपी अन्ठानब्बे करोड एघार लाख चौध हजार आठ सय) नगद लाभांश (लाभांश कर समेत) वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७६/७७ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**ख. विशेष प्रस्तावहरु :**

१. बैंकको अधिकृत पूँजी रु.१० अर्बबाट बृद्धि गरी रु.१५ अर्ब कायम गर्ने र सोही बमोजिम प्रबन्धपत्रको सम्बन्धित दफामा संशोधन गर्ने ।

२. सञ्चालक समितिबाट प्रस्तावित हालको चुक्ता पूँजीको १५ प्रतिशतका दरले हुन आउने रु.१,४७,१६,७२,२००/- (अक्षेरुपी एक अर्ब सत्चालिस करोड सोह्र लाख बहत्तर हजार दुई सय) बोनश शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने र बोनश शेयर वितरणबाट बैंकको साविक जारी तथा चुक्ता पूँजीमा बृद्धि गरी रु.११,२८,२८,२०,२००/- (अक्षेरुपी एघार अर्ब अट्ठाइस करोड अट्ठाइस लाख बीस हजार दुई सय) कायम गर्ने र सोही बमोजिम प्रबन्धपत्र तथा नियमावलीको सम्बन्धित दफामा संशोधन गर्ने ।

३. सञ्चालकको बैठक भत्ता लगायतका सुविधामा बृद्धि गर्न नियमावलीको नियम २९ (१) को (ख), (ग) र (घ) मा संशोधन गर्ने ।

४. बैंकको प्रबन्धपत्र/नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरबदलको सुझाव प्राप्त भएमा सो बमोजिम आवश्यक फेरबदल गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

३. उपस्थिति :

३.१ सञ्चालकहरु :

| | | |
|---|---|---|
| १. | श्री वासुदेव अधिकारी | अध्यक्ष |
| २. | श्री दीपेन्द्र विक्रम थापा | स्वतन्त्र सञ्चालक |
| ३. | श्री गंगा प्रसाद ज्ञवाली | सञ्चालक |
| ४. | डा. सावित्री रञ्जित श्रेष्ठ | सञ्चालक |
| ५. | श्री तुल्सी राम सेढाई | सञ्चालक |

३.२ पदाधिकारीहरु :

| | | |
|---|---|---|
| १. | श्री कृष्णबहादुर अधिकारी | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री समता पन्त | नि. नायब प्रमुख कार्यकारी अधिकृत |

३.३ शेयरधनी नेपाल सरकारको तर्फबाट :

१. श्री गोरख बहादुर शाही — उप महालेखा नियन्त्रक
महालेखा नियन्त्रक कार्यालय, ऋण तथा लगानी शाखा,
(प्रतिनिधि, शेयरधनी नेपाल सरकार)

४. गणपूरक संख्या तथा शेयरधनीहरुको उपस्थिति :

| विवरण | कुल संख्या | जम्मा उपस्थित | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनीको संख्या | ५०,३६२ | ४०९ | ५१.८८ प्रतिशत |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | ९,८१,११,४८० | ५,०९,०१,६१५ | |

५. सभाको वैधानिकता र सभापतित्व :

बैंकको वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु तथा आगन्तुक महानुभावहरुमा हार्दिक स्वागत अभिवादन व्यक्त गर्दै कम्पनी ऐन, २०६३ को दफा ७३ (२) तथा कम्पनीको नियमावली अनुसार साधारण सभाको लागि गणपूरक संख्या, बाँडफाँड भएको कुल शेयर संख्याको पचास (५०) प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरुमध्ये कम्तीमा तीन जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधि मार्फत उपस्थित भएमा साधारण सभाको लागि गणपूरक संख्या पुगेको मानिने प्रावधान भए अनुरुप कम्पनीको **कुल शेयर ९,८१,११,४८० कित्ता मध्ये ५,०९,०१,६१५** शेयर कित्ता धारण गरेका **४०९** जना शेयरधनीहरु स्वयम् उपस्थित हुनु भएको हुँदा कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली अनुसार सभाको गणपूरक संख्या पुगेकोले सभा वैधानिक भएको जानकारी सभालाई कम्पनी सचिव केशव प्रसाद भण्डारीले गराउनु भयो ।

तत्पश्चात् सभाको अध्यक्षता गरिदिनुहुन बैंक सञ्चालक समितिका अध्यक्ष श्री वासुदेव अधिकारीज्यूलाई अनुरोध गर्नुभयो र अध्यक्षले सभाको अध्यक्षता ग्रहण गर्नुभयो । कम्पनी सचिवले बैंकको वर्तमान सञ्चालक समितिका सदस्यहरु, बैंकका पदाधिकारीहरु, प्रतिनिधि तथा पर्यवेक्षकको परिचय सहित आसन ग्रहण गराउनु भयो । उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु तथा आगन्तुक महानुभावहरुलाई यथास्थानमा आसन ग्रहण गर्न अनुरोध गर्नुभयो । राष्ट्रिय गानको कार्यक्रम पश्चात् कम्पनी सचिवले सभामा छलफल हुने विषयको जानकारी गराउनु भयो र अध्यक्षको मन्तव्य सहित बैंकको आ.व. २०७५/७६ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन तथा साधारण सभामा पेश हुने प्रस्तावहरु सभा समक्ष राखिदिनुहुन साथै, बैंकले हालसम्म गरेको प्रगतिको संक्षिप्त विवरण प्रस्तुत गर्दै सभाको शुरुवात गर्न सभाका अध्यक्षज्यूलाई अनुरोध गर्नुभयो ।

## ६. वार्षिक साधारण सभाको प्रस्तुति :

सभाका अध्यक्ष श्री वासुदेव अधिकारीले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत अभिवादन व्यक्त गर्दै सञ्चालक समितिको तर्फबाट साधारण सभामा पेश भएका प्रस्ताव, आ.व. २०७५/७६ को बैंकको वित्तीय स्थितिको समीक्षा, बैंकको बैकिङ्ग कारोबारको समीक्षा एवं बैंकको भावी योजना प्रस्तुत गर्नुभयो ।

## ७. छलफलमा सहभागी भई मन्तव्य व्यक्त गर्नुभएका शेयरधनी महानुभावहरु :

आ.व. २०७५/७६ को सञ्चालक समितिको प्रविवेदन, २०७६ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७५/७६ को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरु उपरको छलफलमा सहभागी शेयरधनी महानुभावहरुको नामवली :

| | | |
|---|---|---|
| १. प्रा.डा. मनोहर कृष्ण श्रेष्ठ | २. डिल्लिराम नकर्मी | ३. जयन्द्र मान सिंह वानियाँ |
| ४. दिनेश हुमागाँई | ५. गोरख बहादुर शाही | ६. नरसिंह लाल चखूँ |
| ७. हरि ढकाल | ८. अर्जुन कुमार ढुंगेल | ९. कृष्ण प्रसाद अधिकारी |
| १०. भक्ति प्रसाद उप्रेती | ११. गुणराज भट्ट | १२. अशोक कुमार उप्रेती |

## ८. छलफलमा सहभागी शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएका जिज्ञासा, सल्लाह एवं सुझावको सारांश :

छलफलका कार्यक्रममा सहभागी शेयरधनी महानुभावहरुले लामो समय पश्चात् बैंकले शेयरधनीहरुलाई लाभांश वितरण गर्न सफल भएकोमा सञ्चालक समिति तथा बैंक व्यवस्थापनलाई धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा सो को निरन्तरताको अपेक्षा सहित निम्न बमोजिमका जिज्ञासा, सल्लाह एवं सुझाव व्यक्त गर्नुभयो ।

- क. रिजर्भ, सञ्चालन आम्दानी तथा खुद व्याज आम्दानी घट्नाको कारणको जिज्ञासा ।
- ख. बैंकको खराब कर्जाको आकार निरन्तर घट्दै गएको भएतापनि अन्य प्रतिस्पर्धी वाणिज्य बैंकहरुको तुलनामा केही बढी भएकोले सो कम गर्ने सुझाव ।
- ग. मर्चेन्ट बैंकिङ्ग कारोबारको सुरुवात गर्ने सल्लाह ।
- घ. विदेशिक विनिमय कारोबारमा जोड दिँदै गैह्र कोषीय आम्दानी बृद्धि गर्नेतर्फ ध्यान दिन सुझाव ।
- ङ. प्रशासनिक तथा कर्मचारी खर्च घटाउन सुझाव ।
- च. आधार दर तथा निक्षेप लागत अन्य प्रतिस्पर्धी वाणिज्य बैंकहरुको तुलनामा कम भएकोले सो बाट प्रतिस्पर्धात्मक लाभ लिन सल्लाह ।
- छ. निक्षेप बृद्धिमा जोड दिन सुझाव ।
- ज. सञ्चालक समितिमा सर्वसाधारण शेयरधनीको यथाशीघ्र प्रतिनिधित्व हुनुपर्ने सुझाव ।
- ञ. Wealth Maximization र Market Capitalization मा ध्यान दिने सुझाव ।

## ९. अध्यक्षबाट प्रतिउत्तर :

छलफलका कार्यक्रममा सहभागी शेयरधनी महानुभावहरुले बैंकलाई अझ बढी प्रतिस्पर्धी बनाउनका लागि दिनुभएका विभिन्न अमूल्य र मननीय सुझाव तथा सल्लाहका लागि अध्यक्षज्यूले हार्दिक धन्यवाद व्यक्त गर्नुभयो । शेयरधनी महानुभावहरुले राख्नुभएका जिज्ञासाका बारेमा अध्यक्षले सामुहिक रुपमा प्रत्युत्तर दिँदै शेयरधनीहरुबाट व्यक्त सुझाव र सल्लाहहरुको मनन् गर्दै बैंक अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

नयाँ निक्षेप संकलन तथा बैंकमा भएको निक्षेप कायम राख्नका लागि प्रतिस्पर्धी ब्याजदर निर्धारण गर्नुपर्ने, बैंकको Spread दरलाई वाञ्छित सीमाभित्र कायम राख्नुपर्ने आदि कारणबाट कर्जा लगानीमा विस्तार भएतापनि खुद ब्याज आम्दानी घट्न गएको व्यहोरा जानकारी गराउनु भयो । बैंकको समग्र व्यापारको हिस्सा बृद्धि गर्दै खुद ब्याज आम्दानी बृद्धि गर्ने तर्फ विशेष ध्यान दिइने व्यहोरा सभा समक्ष व्यक्त गर्नुभयो । त्यसैगरी बैदेशिक विनिमय कारोबारमा जोड दिँदै गैह्र ब्याज आम्दानी बढाउने तर्फ बैंक प्रयत्नशील रहने र सोही दिशामा अग्रसर रहेको व्यहोरा जानकारी गराउनु भयो ।

गत बर्षको साधारण सभाबाट सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकको निर्वाचन गर्ने तय भएको र प्रकृया समेत शुरु भएकोमा उक्त प्रकृयाका विरुद्ध उच्च अदालत पाटनमा परेको रिटका कारण सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकको पद पूर्ति हुन नसकेको र सम्मानित अदालतको फैसला प्राप्त भए पछि फैसला बमोजिम सर्वसाधारण शेयरधनीहरुको समूहबाट प्रतिनिधित्व हुने सञ्चालकको पद कानून बमोजिम आवश्यक प्रकृया पुऱ्याई पूर्ति गरिने व्यहोरा समेत सभा समक्ष जानकारी गराउनु भयो ।

बैंकलाई सदैव उच्च प्रतिफल दिने सामर्थ्यवान बैंक बनाउने, बैंकको गरिमालाई उँचो राख्ने, ग्राहक तथा आम जनसमुदायको विश्वास जित्दै प्रतिस्पर्धात्मक क्षमतायुक्त बनाउने, प्रविधिमा थप लगानी गर्दै जाने, खराब कर्जाको आकार घटाउन पुराना खराब कर्जाहरु असुलीमा घनिभूत प्रयत्न गर्ने, ग्रैह बैंकिङ्ग सम्पत्तिको व्यवस्थापन गरी बैंकिङ्ग आम्दानीमा ल्याउन प्रयत्न गर्ने लगायत शेयरधनी महानुभावहरुबाट प्राप्त भएका महत्वपूर्ण सुझावहरुलाई क्रमश: कार्यान्वयन गर्दै लगिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

**१०. सभाको निर्णय :**

साधारण प्रस्ताव तर्फ :

१. सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल भई सर्वसम्मत पारित भयो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७५/७६ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्वन्धित अनुसूचीहरु छलफल भई सर्वसम्मत पारित भयो ।

३. सञ्चालक समितिबाट प्रस्तावित हालको चुक्ता पूँजीको १० प्रतिशतका दरले हुन आउने रु.९८,११,१४,८००/- (अक्षेरुपी अन्ठानब्बे करोड एघार लाख चौध हजार आठ सय) नगद लाभांश (लाभांश कर समेत) वितरण गर्न सभाबाट सर्वसम्मत स्वीकृत भयो ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७६/७७ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव उपर छलफल हुँदा नेपाल सरकारको ५१ प्रतिशत शेयर स्वामित्व रहेको हुनाले महालेखा परीक्षकको कार्यालयको परामर्श लिनु पर्ने प्रावधान रहे अनुरुप उक्त कार्यालयसँग लेखापरीक्षक नियुक्तिका लागि परामर्श माग गर्दा सो कार्यालयको मिति २०७६/९/७ को पत्र बमोजिम तीनजना सि.ए. श्री मुरलीधर तिवारी, श्री युद्धराज वली र श्री ज्ञानेन्द्र सुवेदीलाई लेखापरीक्षक नियुक्ति गर्न परामर्श प्राप्त भएको हुँदा सञ्चालक समितिको निर्णय बमोजिम आ.व. २०७६/७७ को लेखापरीक्षण गर्न समान पारिश्रमिक पाउने गरी प्रत्येकलाई रु.६,२५,०००/- (भ्याट बाहेक) का दरले तीन जनाको जम्मा रु.१८,७५,०००/- (भ्याट बाहेक) भुक्तानी दिने गरी लेखापरीक्षक नियुक्ति गर्ने प्रस्ताव सर्वसम्मत पारित भयो ।

विशेष प्रस्ताव तर्फ :

१. बैंकको अधिकृत पूँजी रु.१० अर्बबाट बृद्धि गरी रु.१५ अर्ब कायम गर्ने र सोही बमोजिम प्रबन्धपत्रको दफा ५ (क) मा संशोधन गर्ने प्रस्ताव सर्वसम्मत पारित भयो ।

२. सञ्चालक समितिबाट प्रस्तावित हालको चुक्ता पूँजीको १५ प्रतिशतका दरले हुन आउने रु.१,४७,१६,७२,२००/- (अक्षेरुपी एक अर्ब सत्चालिस करोड सोह्र लाख बहत्तर हजार दुई सय) बोनश शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने र बोनश शेयर वितरणबाट बैंकको साविक जारी तथा चुक्ता पूँजीमा बृद्धि गरी रु.११,२८,२८,२०,२००/- (अक्षेरुपी एघार अर्ब अट्ठाइस करोड अट्ठाइस लाख बीस हजार दुई सय) कायम गर्ने र सोही बमोजिम प्रबन्धपत्रको दफा ५ (ख) (ग) (घ) र दफा १२ को (२) तथा नियमावलीको नियम ४३ को (२) मा संशोधन गर्ने प्रस्ताव सर्वसम्मत पारित भयो ।

३. सञ्चालकको बैठक भत्ता लगायतका सुविधामा बृद्धि गर्न नियमावलीको नियम २९ (१) को (ख), (ग) र (घ) मा संशोधन गर्ने प्रस्ताव सर्वसम्मत पारित भयो ।

४. बैंकको प्रबन्धपत्र/नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरबदलको सुझाव प्राप्त भएमा सो बमोजिम आवश्यक फेरबदल गर्न सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

**११. धन्यवाद ज्ञापन तथा सभा विसर्जन**

अन्त्यमा, सभाका अध्यक्षले बैंकप्रति विश्वास राख्नु हुने आदरणीय शेयरधनी महानुभावहरु, ग्राहक महानुभावहरु, बैंकको हित तथा प्रगतिको लागि मार्ग निर्देशन दिने नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड लगायत सम्पूर्ण नियमनकारी निकायहरु, बैंकका सम्पूर्ण कर्मचारीहरु तथा बैंकसँग प्रत्यक्ष वा परोक्ष रुपमा हित गाँसिएका संघसंस्था तथा सरोकारवालाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो ।

( वासुदेव अधिकारी )
अध्यक्ष

( दीपेन्द्र विक्रम थापा )
सदस्य

( गंगा प्रसाद ज्ञवाली )
सदस्य

( डा. सावित्री रञ्जित श्रेष्ठ )
सदस्य

( तुल्सी राम सेढाईं )
सदस्य

नेपाल बैंक लिमिटेड
संचालक समिति

( केशव प्रसाद भण्डारी )
सचिव,
सञ्चालक समिति